# नगर प्रमुख श्री जिवलाल खरेल जीवनद्वारा
# प्रस्तुत
# आर्थिक वर्ष २०८३।०८४ को वार्षिक
# नीति तथा कार्यक्रम

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वामीटक्सार, गुल्मी ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा अधिकारको कार्यान्वयनलाई मूर्त रूप दिने सन्दर्भमा, संविधानमा उल्लेख भएका राज्यका निर्देशक सिद्धान्त तथा नीतिगत मार्गदर्शनलाई उच्च सम्मान गर्दै, नेपाल सरकारद्वारा निर्धारित राष्ट्रिय लक्ष्य एवं उद्देश्यहरूको प्राप्तिका लागि, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्य प्रचलित कानूनी व्यवस्था र सुशासनका मान्यताहरूको पूर्ण पालना गर्दै मुसिकोट नगरपालिकाले आफ्नो मार्गदर्शक दृष्टिकोण "समृद्ध मुसिकोट" लाई यथार्थमा रूपान्तरण गर्ने हेतुले मुसिकोट नगरको समृद्धिका आधार, सामाजिक विकास र न्याय सँगै कृषि, उद्योग, पर्यटन र पूर्वाधार भन्ने हाम्रो सोँच साकार पार्न आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरेको छ । आज, मुसिकोट नगरपालिकाको दोस्रो नगरसभाको गरिमामय यस बीसौं अधिवेशनको सम्मानीत सभामा उक्त नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्ष र थप जिम्मेवारीबोध महसुस भएको छ ।

आज यस सम्मानित सभामा उपस्थित हुँदा, सर्वप्रथम राष्ट्रका निम्ति र सामाजिक रुपान्तरण र आम जनताको खुसहालिका निम्ति आफ्नो अमूल्य जीवनको आहुति दिने सम्पूर्ण ज्ञात तथा अज्ञात आदरणीय सहिदहरूप्रति उच्च सम्मानको भावना सहित श्रद्धाञ्जली अर्पण गर्दछु । ती महान् सपूतहरूको बलिदानले नै हामीले आज संविधान, लोकतन्त्र, स्वतन्त्रता र समृद्धिको बाटोमा हिँड्ने अवसर पाएका छौं। साथै समग्र नगरपालिकाको आर्थिक- सामाजिक रुपान्तरणका लागि दत्तचित्त भएर राष्ट्र र राष्ट्रप्रेमलाई शिरमा राखी समृद्ध नगर निर्माणको अभियानमा लाग्न हामीलाई प्रेरणा, हौसला प्रदान गर्नु हुने आम नगरवासी र देश विदेशमा रहेर हाम्रो मुसिकोट नगरपालिकाको समग्र समुन्नति र जनकल्याणका लागि हामीमाथि भरोसा राख्ने मुसिकोट नगरका सम्पूर्ण शुभ चिन्तकहरुलाई यस अवसरमा कृतज्ञता पूर्वक अभिवादन टक्र्याउँदछु ।

आगामी आर्थिक वर्ष २०८३।०८४ मुसिकोट नगरपालिकाको विकास यात्रामा एक अर्को महत्वपूर्ण मोड हो । हामीले विगतमा भौतिक, सामाजिक, आर्थिक र सुशासनका क्षेत्रमा जति पनि जग बसाल्यौं, त्यसले आज हामीलाई नयाँ सोँच र प्रगतिको ढोका खोलिदिएको छ । चालु आ.व. समाप्त हुँदै गर्दा हामीले सरोकारवाला सबैसँग मिलेर काम गरेको अनुभव र सिकाइलाई नै आगामी नीतिको आधार बनाएका छौं ।

नवयुवा पुस्ता र सम्पूर्ण युवा वर्ग तथा मुसिकोट नगरवासीको चाहना अनुरुप सुशासन, सामाजिक न्याय, रोजगारी, शिक्षा, डिजिटल पहुँच, जलवायु न्याय र समावेशी शासन प्रणालीको मागमा आधारित युवा केन्द्रित शासन र नागरिक सशक्तिकरणको भावनाहरूलाई आत्मसात् गर्दै निम्न आर्थिक अवस्थाका जनसमुदायको सामाजिक-आर्थिक उत्थान गरी समाजवाद-उन्मुख समृद्ध, समतामूलक एवं समावेशी राज्य बनाउने राष्ट्रिय संकल्प र संविधानको भावनालाई समेत ध्यानमा राख्दै तयार पारिएको मुसिकोट नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम सम्मानीत नगरसभाको अधिवेशनमा यस प्रकार प्रस्तुत गर्दछु ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**स्रोत परिचालन**

१. आन्तरिक स्रोत परिचालन न्यून हुँदा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानमा भर पर्नु परेको अवस्थामा **स्थानीय स्रोतको अधिकतम उपयोग: न्यूनतम अन्तर्निर्भरता** (Maximum Local Resource: Minimum Dependency) को सिद्धान्तमा आधारित स्वायत्त, दिगो, पारदर्शी, समावेशी र जवाफदेही स्रोत परिचालन नीति अवलम्बन गर्दै नगरपालिकाको भौगोलिक, सामाजिक र आर्थिक अवस्थालाई बलियो बनाईनेछ । आन्तरिक स्रोतको आयमा वृद्धि, प्राकृतिक स्रोतको दिगो उपयोग मार्फत दिगो विकासका अवधारणाहरुलाई वार्षिक योजनामा आन्तरिकीकरण गरिनेछ । सामाजिक परिचालन लाई स्रोत परिचालनसँग आवद्ध गरिनेछ ।महिला, दलित, जनजाति, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका वर्गलाई लक्षित गरी स्रोत परिचालन र लाभको बाँडफाँडमा समावेशी नीति अपनाइने छ ।

२. स्थानीय स्रोत साधनको दिगो उपयोगलाई प्राथमिकता दिई पर्यावरण संरक्षण, जैविक विविधता र जलवायु परिवर्तन अनुकूलनलाई ध्यानमा राखेर स्रोत परिचालन गरिनेछ ।

३. विगतका आर्थिक वर्षहरूमा लागू गरिएका करका दायरालाई क्रमिक रूपमा विस्तार गर्दै करदातालाई आफ्नो वैधानिक दायित्व पूरा गर्न अभिप्रेरित गरिनेछ । प्राप्त अनुदान तथा नागरिकबाट संकलित कर, शुल्क तथा दस्तुरको पारदर्शी, दक्ष र नतिजामुखी उपयोगमा विशेष जोड दिई पूँजीगत खर्च तथा दीर्घकालीन पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइनेछ ।

४. पूर्वाधार विकास, सेवा प्रवाह तथा आर्थिक क्रियाकलाप विस्तारका लागि सार्वजनिक-निजी साझेदारीलाई समेत जोड्दै संघ तथा प्रदेश सरकारसँगको समन्वयबाट प्राप्त अनुदानको अधिकतम उपयोग गर्दै दोहोरोपन हटाइनेछ । कार्यसम्पादनमा आधारित अनुदान प्राप्तिका लागि सुशासन र नतिजा देखाउने प्रणालीलाई प्राथमिकता दिइनेछ ।

**सहकार्य र समन्वय**

५. सार्वजनिक, निजी र सहकारी क्षेत्रको गतिशील साझेदारीमार्फत स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सहकारिता, सहअस्तित्व र समन्वयको संवैधानिक सिद्धान्त अनुरूप संघ तथा प्रदेश सरकारसँगको सम्बन्धलाई थप प्रभावकारी बनाइनेछ । विकासका साझा प्रतिवद्धता अनुरुप आयोजनाहरुको पहिचान गरी स्रोत साधनको परिचालनमा हुने दोहोरोपन हटाई एकीकृत विकास प्रक्रियालाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

६. विकास साझेदार संस्थाहरुसँगको साझेदारीमा समेत विकासका आयोजनाहरु तय गरिनेछ ।

७. प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश सरकारसँगको साझेदारीमा नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन गर्न प्रकृया अन्तिम चरणमा पुगेको छ । यसको माध्यमबाट नगरको आर्थिक समृद्धिका लागि विशेष जोड दिईनेछ ।

८. लागत न्यूनीकरणका लागि स्रोत साधनको अधिकतम प्रयोग गरी साझा सरोकारका विषयहरुमा छिमेकी स्थानीय तह एवं अन्य स्थानीय तहसँगको सहकार्य एवं साझेदारीमा विभिन्न क्रियाकलाप सञ्चालन गरिँदै आएकोमा यस्तै प्रकारको सहकार्य एवं साझेदारी अभियानलाई प्राथमिकतापूर्वक निरन्तरता दिईनेछ ।

९. आ.व. २०८३/०८४ देखि शुरु हुने **'रोजगार प्रवर्द्धन दशक'** अन्तर्गत स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्न सङ्घीय र प्रादेशिक कार्यक्रमहरूसँग सहकार्य गरिनेछ ।

आर्थिक विकास

**कृषि तथा पशुपंक्षी विकास**

१०. आवधिक योजनाले परिलक्षित गरेको सोंच **"आकर्षक कृषि र सम्मानीत कृषक"** सहितको उद्देश्यमा कृषि तथा पशुपंक्षी उत्पादनमा वृद्धि गरी खाद्य सुरक्षा र आत्मनिर्भरता हासिल गर्ने नगरपालिकाको दीर्घकालिन लक्ष्य रहेको छ । कृषिलाई सम्मान जनक पेशाको रुपमा रुपान्तरण गरी नगरपालिकामा विद्यमान शैक्षिक बेरोजगारीलाई कृषिमा आवद्ध गराउँदै यसको उत्पादन तथा उत्पादकत्व बढाउने नीति लिइनेछ ।

११. कृषि उपज संकलन तथा बिक्री सुनिश्चितता कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ । निर्मित हाट बजार संरचना नियमितरुपले सञ्चालनमा ल्याउन उत्पादक, सहकारी र सरोकारवालासँग समन्वय गरिनेछ ।

१२. निर्वाहमुखी कृषिलाई आधुनिक र व्यावसायिक बनाउँदै कृषि उपजमा नगरलाई आत्मनिर्भर तुल्याउन कृषि-यन्त्र, उपकरण, तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । किसान (विशेष गरी महिला, दलित, युवा र साना किसान) को सशक्तिकरण तथा आय वृद्धिमा जोड दिईनेछ ।

१३. **उद्यमीसित मुसिकोट नगरपालिका** प्याकेज अन्तर्गत **"पख्नोस तपाईका लागि हामी केही गर्ने छौं"** कार्यक्रममा अब थप विषय क्षेत्र तथा मापदण्ड समावेश गर्दै विस्तारित बनाईनेछ । यस प्रक्रियामा नगरपालिका भित्र नगरपालिकाकै नागरिकद्वारा सञ्चालित उत्पादनमुखी स्थानीय कच्चा पदार्थमा आधारित उद्योग र निर्यात मुलक उद्योगहरुलाई प्राथमिकता दिइनेछ । त्यस्ता उद्यमीहरुलाई चौमासिक वा अर्धवार्षिक मूल्याङ्कनको आधारमा नियमित रुपले प्रोत्साहित गर्ने, साथसाथै साना किसानलाई कृषि ऋणको व्याजमा ७५ प्रतिशत अनुदान दिने र दुग्ध उत्पादक किसानहरुलाई उत्पादनमा आधारित अनुदान दिने कार्यलाई निरन्तरता दिईनेछ ।

१४. भौगोलिक अवस्था, बजारको अवस्था, सिंचाइ लगायत अन्य स्रोत र साधानको उपलब्धताका आधारमा फलफूल एवं कृषि र पशुपालन साँथै अन्य तुलनात्मक लाभका वस्तुहरु उत्पादनहरुको लागि पकेट क्षेत्रको अवधारणालाई निरन्तरता दिंदै थप बजेटको व्यवस्था गरिने छ ।

१५. माटोको जैविक गुणमा ह्रास आउन नदिन नियमित माटो परीक्षण गर्ने र प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन दिंदै दिगो कृषि उत्पादन प्रणाली प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. नेपालमा कफीको जननी मुसिकोट नगरपालिकालाई राष्ट्रिय पहिचान दिन "कफि लगाऔं, आम्दानी बढाऔं" कार्यक्रमलाई निरन्तरता दिंदै कफि पकेट क्षेत्र घोषणा गरी नमूना कफि बगैंचालाई व्यवस्थित र व्यवसायिक बनाउन आवश्यक प्रबन्ध मिलाइने छ । स्थानीय कफिको उत्पादन, प्याकेजिङ्, ब्रान्डिङ र बजारीकरणको उचित व्यवस्थापनको लागि विभिन्न सरकारी तथा गैरसरकारी एवं निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ । **नेपाली कफिको जन्म ठाउँमा, कफि बगैंचा गाउँगाउँमा** कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ ।

१७. खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संवैधानिक मौलिक हकलाई सङ्घीय र प्रदेश सरकारको नीति अनुरुप व्यवहारिक रुप दिइनेछ । नियमित बजार अनुगमन मार्फत खाद्य सुरक्षाको प्रत्याभूति गराईनेछ । साथै रैथाने/उन्नत जातका विउविजन संरक्षण एवम् उत्पादन कार्य गरिनेछ ।

१८. बाँझो जमिन राख्ने कार्यलाई निरुत्साहित गरिनेछ भने उद्योग, व्यावसायिक कृषिका निम्ति जग्गा आवश्यक परेका उद्यमी, समूह, सहकारी वा कम्पनीलाई जमिन लिजमा लिई उद्यम व्यवसाय विस्तार एवं सहज बनाउन स्वीकृत दरमा जग्गा लिजमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

१९. "आफ्नै गाउँ फर्की आउँ" कार्यक्रमलाई थप व्यवस्थित गर्दै मुसिकोट नगरपालिका बाहिरबाट बसाईसराई गरी मुसिकोट नगरपालिकाको कुनै वडा कार्यालयमा बसाइसराइ दर्ता गरी कृषि व्यवसाय,उद्योग तथा पर्यटन व्यवसाय गर्ने व्यक्ति वा परिवारलाई प्रोत्साहन गर्ने कार्यलाई आ.व. २०८३।०८४ मा पनि निरन्तरता दिईनेछ।

२०. कृषि तथा पशुपालन व्यवसाय गर्ने किसानहरुलाई आधुनिक कृषि उपकरण, बिउविजन, बिरुवा र व्यवसायिक कृषिका लागि आवश्यक सामग्री खरिदमा (व्यक्ति,समूह, सहकारी वा निजी फर्मलाई) ७५% अनुदान-सहुलियत दिने कार्यलाई निरन्तरता दिईनेछ।

२१. पशुपालनको माध्यमबाट रोजगारी सिर्जना गरी बेरोजगारी कम गर्दै लगिनेछ। व्यावसायिक पशुपालनमा विशेष गरी वैदेशिक रोजगारबाट फर्केका युवालाई लक्षित गरी आधुनिक कृषि तालिम र विशेष कार्यक्रमको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२२. पशुपालक कृषकलाई पशु औषधी वितरण र तालिमलाई आवश्यकता अनुकूल विकास गरिनेछ। पशु स्वास्थ्य शिविर, खोप कार्यक्रम र भेटेरिनरी क्लिनिक स्तरोन्नति मार्फत पशु स्वास्थ्य संवेदनशीलतालाई महत्व दिँदै पशु विकासमा जोड दिईनेछ।

२३. हाम्रो नगरपालिका मासु र दूधमा आत्मनिर्भर भइसकेको अवस्थामा उक्त वस्तुहरु निर्यात गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ। आफ्नो उत्पादनलाई बाह्य निर्यात गर्ने कृषकलाई विशेष सहुलियत दिने नीति लिइनेछ। पशुपंक्षीको नश्ल सुधार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई विशेष जोड दिइनेछ।

२४. पशुपालन व्यवसायमा घाँसखेतीको मुख्य भूमिका हुने हुँदा भुईघाँस तथा डालेघाँस खेतीलाई प्राथमिकता दिने गरी नर्सरीको उचित व्यवस्थापन सहित कृषकहरुलाई आवश्यकता अनुसार घाँसका बिरुवाहरु उपलब्ध गराइनेछ।

२५. साना तथा मझौला कृषकहरुलाई व्यवसायिक बन्न प्रोत्साहन स्वरुप बाख्रापालन तथा कुखुरा पालनका लक्षित कार्यक्रमहरु समावेश गरिनेछ।

२६. दुग्ध पदार्थ एवं मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न स्वच्छ र स्वास्थ्य सुधार गर्ने गरी मासु पसल तथा बधशाला सुधार गर्न व्यवसायीलाई उत्प्रेरित गरिनेछ। बाख्रामा खोर सुधार र गाई भैंसीमा गोठ सुधारको कार्यलाई निरन्तरता दिइनेछ। आधुनिक र उन्नत जातका गाई, भैसी, बाख्रा तथा माछा पालनमा जोड दिइनेछ।

२७. समूह र सहकारी मार्फत महिला, दलित, अल्पसंख्यक/आदिवासी तथा अति विपन्न समुदाय लक्षित उत्पादन तथा आयआर्जनमूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२८. गाई भैंसीको बाझोपन सुधारका लागि डोर-टु-डोर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२९. बढ्दो क्रममा रहेका छाडा कुकुरहरु र रेबिज रोगको संक्रमणलाई नियन्त्रण गर्नका लागि कुकुर बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३०. पशु स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिका लागि रिक्त भेटेरिनरी डाक्टर पदमा लोक सेवा आयोगमार्फत पदपूर्तिको प्रक्रिया अगाडि बढाइएको छ। पदपूर्ति भएपश्चात पशु स्वास्थ्य सेवा तथा प्राविधिक सेवाको पहुँच र प्रभावकारितामा थप विस्तार गरिनेछ।

३१. नगरपालिकामा शुरु गरिएको कृषि नर्सरी व्यवस्थित गर्दै, वहुमूल्य वनस्पति, पुष्प, फलफूल, कफि र नगदेबालीका बेर्ना उत्पादन हुनेगरी सञ्चालन गरिनेछ।

**सीप विकास तथा रोजगार प्रवर्द्धन**

३२. आर्थिक वर्ष ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममा रोजगार, सीप तथा उद्यमशीलता केन्द्रलाई केन्द्रविन्दुमा राखी स्थानीय स्तरमै दिगो रोजगार सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

३३. रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई केवल Cash For Work कार्यक्रममा मात्र सीमित नगरी पालिकाले सञ्चालन गर्ने विभिन्न सीपमूलक तालिम, उद्यम विकास, कृषि उत्पादन तथा स्वरोजगार कार्यक्रमसँग आवद्ध गरिनेछ।

३४. रोजगार, सीप तथा उद्यमशीलता केन्द्रलाई प्रविधिमैत्री बनाउँदै श्रम तथा रोजगार सूचना प्रणालीलाई डिजिटल माध्यमसँग आवद्ध गरिनेछ। महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई प्राथमिकतामा राखी लक्षित रोजगार तथा उद्यमशीलता विकास हुने कार्यक्रम सञ्चालन गरिनेछ। समग्रमा, बेरोजगारलाई अल्पकालीन ज्यालामुखी कामभन्दा दीर्घकालीन सीप, उत्पादन, उद्यम तथा स्वरोजगारतर्फ उन्मुख गराई स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउने नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

३५. आ.व .२०८३/०८४ देखि रोजगार कार्यक्रमलाई अगाडी बढाउन सामुदायिक आयोजनाहरुमा नगरपालिकाको लागत साझेदारी कायम गरिनेछ।

३६. बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ।

३७. नगरपालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ।

३८. CTEVT को स्वीकृति अनुसार छोटो अवधिका सीप प्रशिक्षण/तालिम माग र आवश्यकताका आधारमा नियमित रुपले सञ्चालन गर्ने गरी प्राविधिक शिक्षालय सञ्चालनमा ल्याईनेछ।

३९. स्थानीय स्तरमा रोजगार रणनीति तयार गरी अद्यावधिक गरिनेछ । जसबाट स्थानीय जनसंख्या, स्रोत साधन, सामाजिक, आर्थिक तथा रोजगारीको तथ्याङ्क विश्लेषण गरिनेछ।

४०. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको कार्यलाई नगरपालिकाको रोजगार, सीप तथा उद्यमशीलता केन्द्र बाट सहजीकरण गरिनेछ।

४१. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक रुपमा सक्षम बनाउनका लागि पुनःएकीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४२. वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका कामदारको नजिकका हकवालालाई आर्थिक सहायता प्रदान, शव व्यवस्थापन, अङ्गभङ्ग भएकालाई आर्थिक सहायता, परिवारलाई स्वास्थ्य उपचार सहयोग, उद्धार सम्बन्धी कार्य, छात्रवृत्ति जस्ता वैदेशिक रोजगार बोर्डबाट प्राप्त गर्ने आर्थिक सहायतामा आवश्यक सहजीकरण गरिनेछ।

४३. नगरपालिकामा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई निजी क्षेत्रहरुमा काम गर्नको लागि सरोकालवाला तथा रोजगारदाताहरुसँग समन्वय तथा सहजिकरण गरिनेछ, सीपमूलक तथा जीवनउपयोगी तालिमहरुमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई र वैदेशिक रोजगारबाट फर्किएकालाई प्राथमिकतामा राखिनेछ।

४४. कन्सुलर तथा कानूनी परामर्श सेवाहरु जस्तो खोजतलास र उद्धार सम्बन्धी कार्य, विदेशबाट मृतकको शव झिकाउने, क्षतिपूर्तिका लागि निवेदन दिने कार्यहरु रोजगार, सीप तथा उद्यमशीलता केन्द्र बाट सहजिकरण गरिनेछ।

४५. "वेरोजगारीलाई निकासःआफ्नै ठाउँको विकास" भन्ने नारालाई आत्मसात गर्दै गोरेटो बाटो सुधार, पर्यटकीय गन्तव्यमा पदमार्ग निर्माणलाई प्राथमिकतामा राखी पदमार्ग, बगैंचा, चौपारी, पोखरी, स्मारक आदि निर्माण, तटबन्ध आदि निर्माण तथा मर्मत, वृक्षारोपण, मनसुनजन्य र अन्य भैपरि आउने विपद, फोहोर व्यवस्थापन, गौरवयुक्त पर्यटकिय स्थलका लागि आवश्यकताका आधारमा श्रमिकको व्यवस्थापन गरिनेछ।

४६. निरन्तर रोजगारी निरन्तर निर्माण तथा मर्मत सुधारमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई खटाई नमूना प्रदर्शन, कृषि श्रोत केन्द्रको समेत विकास गर्ने गरी फलफूल नगदेवाली तथा अन्य उत्पादनबाट आन्तरिक आम्दानी समेत बढाउने लक्ष्यका साथ काम गरिनेछ।

४७. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमका र निरन्तर रोजगारी निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रमबाट सामुदायिक आयोजना निर्माण तथा मर्मतका आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्ष श्रमिक, निर्माण सामाग्री हाते औजार र सुरक्षाका सामग्री खरिद गरिनेछ।

४८. चालु आ. व. मा यस नगरपालिकालाई सडक बालबालिका मुक्त घोषणा गरिनेछ। आ. व. २०८३-८४ मा बालश्रम मुक्त स्थानीय तह घोषणा गरिनेछ।

४९. वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायमा पहुँच तथा वित्तीय साक्षरता प्रदान गर्दै सहजकर्ता तथा आप्रवासी श्रमिकको क्षमता अभिवृद्धि गरिनेछ।

**पर्यटन**

५०. आर्थिक रुपान्तरणको प्रमुख आधारको रुपमा रहेको पर्यटन क्षेत्रको विकास, विस्तार र आधुनिकीकरणका लागि विशेष जोड दिईनेछ। ग्रामीण पर्यटन, जल पर्यटन, खेल पर्यटन, धार्मिक-साँस्कृतिक पर्यटन र कफिको उद्गम क्षेत्रमा कृषि पर्यटन लगायतको यथेष्ट सम्भावना बोकेको यस नगरपालिकाको आर्थिक समृद्धिको लागि साझेदारी, समन्वय र सहकार्य मार्फत लगानी परिचालनमा विशेष जोड दिईनेछ।

५१. नगरपालिका भित्रका स्थानीय वस्तु, सेवा, संस्कृति र पर्यटनको प्रवर्द्धन गर्न आँपचौरको कफि ब्रान्डिङ गरी बिक्री वितरण गर्ने, स्वाँरा होमस्टे, दजाकोट होमस्टे र मालारानी होमस्टे क्षेत्रलाई थप व्यवस्थित गरी आन्तरिक पर्यटनको केन्द्रको रुपमा विस्तार गर्ने, मालिका मन्दिरको पूर्वाधार सुदृढ गरी प्रचार प्रसार गर्ने जस्ता कार्यक्रमलाई प्राथमिकतासाथ अगाडि बढाईनेछ। सालिमे दह, थुम-लालीगुँरास पार्क, मुसिकोट दरबार, छत्रभूमी, वामीकोट, स्मालिथान, हिले-पालुदेव, कोटेश्वर-सिद्धेश्वर गुफा, अकलादेवी लगायतका पर्यटकीय, धार्मिक, ऐतिहासिक एवं साँस्कृतिक महत्वका स्थलहरुको प्रवर्द्धन गरिनेछ।

५२. नगरभित्रका विभिन्न जातजाति एवं समुदायको संस्कृति, परम्परा, भेषभूषा, लोक कला तथा स्थानीय जीवनशैलीलाई पर्यटनसँग जोड्न साँस्कृतिक महोत्सव र होमस्टे कार्यक्रमका लागि आवश्यक पहल गरिनेछ।

५३. नवनिर्मित मालिका-स्वाँरा-सालिमे, कोट-कोटेश्वर, ठेल दरबार, पालुदेव-वामीमैदान, गजुङ्गा-गोहोडा-बाजेकास्थान लगायतका पदमार्गलाई पर्यटकीय गन्तव्य जोड्ने ट्रेकिङ/ट्रेल रुटको रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

५४. रुपान्तरणकारी आयोजनाका रुपमा नगरपालिकाका सबै पर्यटकीय गन्तव्यहरु समेट्ने गरी पर्यटकीय सर्किटमा पदमार्ग निर्माणको कामलाई उच्च महत्व दिई अगाडि बढाईनेछ र पदमार्गी रुटहरुको स्तरोन्नतिमा जोड दिंदै **"पुण्य भूमिमा पदयात्रा"** अभियानलाई निरन्तरता दिईनेछ।

५५. ताराखसे, सालिमे दह लगायतका रहस्यमय भौगोलिक विशेषता भएका स्थानहरुको भूगर्भविद् मार्फत अध्ययन गराई त्यस्ता क्षेत्रको प्रचार प्रसार र प्रवर्द्धन गर्ने नीति लिईनेछ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**सामाजिक विकास**

समावेशी, न्यायपूर्ण, स्वस्थ र शिक्षित समाज निर्माण गर्दै समृद्ध मुसिकोट नगरपालिका निर्माण गर्ने दृष्टिकोणका साथ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक न्याय र समावेशीकरण का क्षेत्रमा दिगो लगानी गरी सामाजिक विकासमा उल्लेख्य उपलब्धि हासिल गर्ने हाम्रो उद्धेश्य रहेको छ।

**शिक्षा**

५६. नेपालको संविधानले सामाजिक विकाससँग सम्बन्धित बिषयहरूलाई उच्च प्राथमिकता दिएको छ। संविधानमा मौलिक हक अन्तर्गत माध्यमिक तहसम्मको निःशुल्क शिक्षा, मातृभाषामा शिक्षाका अवसर, क्षमता विकास, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरिएको छ। यसैगरी संविधानको राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग र क्षेत्रका नागरिकलाई शिक्षामा पहुँचको सुनिश्चितता तथा आर्थिक, सामाजिक एवं सांस्कृतिक रूपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था रहेको देखिन्छ।

५७. **"मानव क्षमताको आधारः शिक्षा"** भन्ने शिक्षाको राष्ट्रिय नीति अनुरुप मुसिकोट नगरपालिकाको शैक्षिक व्यवस्थापनलाई व्यवस्थित गरिने छ। विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गरिने अभियानलाई निरन्तरता दिइने छ।

५८. कला र खेल प्रशिक्षकहरुको नियुक्ति गरी नगरपालिकामा अध्ययरत विद्यार्थीहरुको सिर्जनात्मक क्षमताको विकास गरिदै आएको र यसको प्रभाव सकारात्मक देखिएको हुँदा आगामी आ.व. देखी अतिरिक्त क्रियाकलाप शिक्षकलाई प्रशिक्षित गर्दै बालप्रतिभाको चौतर्फी विकासलाई प्राथमिकतामा राखिनेछ।

५९. गुणस्तरीय शिक्षाको लागि विद्यार्थीहरुलाई विद्यालयमा **"ल्याउन, टिकाउन र सिकाउन, विद्यालय दिवा खाजा"** को कार्यक्रमलाई थप व्यवस्थित र गुणस्तरीय बनाइनेछ।

६०. सूचना प्रविधि मैत्री शिक्षा बनाउन पछिल्लो सूचनाको विकासलाई अवलम्बन गर्न शिक्षकहरुलाई तालिमको उपयुक्त व्यवस्था गरिनेछ। विद्यालयहरुमा कम्प्यूटर, प्रिन्टर लगायतका सामग्रीको समूचित व्यवस्था गरिने छ। शिक्षाको गुणस्तर अभिबृद्धि गरी नतिजामूखी बनाइने छ। नैतिक शिक्षा, सहकारी शिक्षा, उद्यमशील शिक्षा जस्ता कुराहरुमा विशेष जोड दिईनेछ। कक्षा १ देखि ५ सम्मको लागि मुसिकोटको आफ्नै स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण भई निशुल्क रुपमा वितरण गरिसकिएको छ। कक्षा ६-८ को स्थानीय पाठ्यक्रमको लेखन कार्य सम्पन्न भईसकेको छ भने आगामी आ.व.मा पाठ्यपुस्तक निर्माण गरी विद्यार्थीको हातमा निःशुल्क पाठ्यपुस्तकको पहुँचको व्यवस्था गरिनेछ।

६१. शिक्षाबाट बञ्चित एवं पँहुच पुग्न नसकेका सम्पूर्ण बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउने मूल नीति हाम्रो रहिआएको छ। बाल श्रम शोषण, बाल विवाह, बाल हिंसा एवं बाल दुर्व्यवहार अन्त्य गर्न यस सम्बन्धी कानुनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिनेछ। उच्च शिक्षा अध्ययनरत दलित र अल्पसंख्यक छात्राहरु र सबै प्रकारका अपाङ्गता भएका वालवालिकाहरुलाई पढाइमा सहयोग पुर्याउन दिंईदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६२. संघीय सरकारको नीति अनुरुप "शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न" पालिकाको लगानीमा विविध क्रियाकलापहरु सञ्चालन गरिनेछ।

६३. आधारभूत तह कक्षा १, २ र ३ का बालबालिकालाई यस वर्ष वितरण गरिएको स्कूल झोला कार्यक्रमलाई आगामी वर्ष कक्षा ५ सम्मका सबै बालबालिकामाझ पुऱ्याई सामुदायिक विद्यालयहरुमा विद्यार्थीको उपस्थिति वृद्धि गर्न वालवालिकासँग मुसिकोट नगरपालिका नामबाट यो कार्यक्रमलाई विस्तार गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ।

६४. नगरपालिकाले खेलकुद-स्वास्थ्य-शिक्षाको सम्बन्ध स्थापित गर्न खेलकुदलाई उच्च प्राथमिकता दिएको छ। चालु आर्थिक वर्षमा खेलकुद महामेला आयोजना गरी ३ वटा ठूला खेल प्रतियोगिताहरु लगातार ९ दिनसम्म श्रृङखलाबद्ध रुपमा सञ्चालन गरेर खेल क्षेत्रको अभूतपूर्व उत्सव सम्पन्न गरेका छौं। विभिन्न स्थानीय तहले आयोजना गर्ने खेलजन्य गतिविधिहरुमा समेत खेलाडीहरुलाई सहभागी गराई प्राप्त सफलताको गौरव कायम राख्न र आगामी दिनमा समेत निरन्तर सफलताको लागि खेलकुदको क्षेत्रमा आवश्यक बजेट विनियोजन गरिनेछ।

६५. खेलकुद क्षेत्रको विकासका लागि मागका आधारमा नगरपालिकाका सबै वडाहरुमा भलिबल खेल मैदानहरुको निर्माण र नगरपालिकाको प्रस्तावित रङ्गशाला ग्वादिकाचौर खेलमैदानलाई रुद्रावति रंगशालाका नाममा क्षेत्रीय स्तरको रङ्गशाला निर्माणको योजना अगाडी बढाइनेछ।

६६. शिक्षा क्षेत्रको सर्वतोमुखी विकास एवं शैक्षिक गुणस्तर सुधारको लागि **"शैक्षिक गुणस्तर विकास कोष"** रहेको छ। शैक्षिक गुणस्तर विकास कोष मार्फत शिक्षक दरबन्दी न्यून तर विद्यार्थी संख्या अधिक भई संकटमा रहेका विद्यालयहरुमा स्थानीय समुदाय र अभिभावकहरु माथिको बोझ कम गर्न र शैक्षिक गुणस्तर उकास्न स्वयम सेवक शिक्षक नियुक्ति लगायतका कार्यमा सहयोग गरिनेछ।

६७. बाल उद्यान निर्माण, शैक्षिक क्यालेण्डर निर्माण, नगरस्तरीय बाल प्रतिभा पहिचान, युवा लक्षित खेलकुद कार्यक्रम, अनाथ बालबालिका सहयोग, बाल विकास मात्र सञ्चालित विद्यालयका लागि मसलन्द खर्च, विद्यालय अनुगमन जस्ता क्रियाकलापहरु शिक्षा क्षेत्रका हाम्रा प्राथमिताका क्षेत्रहरु हुन् । यस्ता क्रियाकलापलाई योजनाबद्ध, थप व्यवस्थित र नतिजामुखी बनाइनेछ ।

६८. माध्यमिक तह सम्म सञ्चालित विद्यालयहरुमा प्रत्येक महिनाको अन्तिम शुक्रबार भाषा, नैतिक शिक्षा, सीप तथा प्रविधि जस्ता विषयका अतिरिक्त कक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्नका लागि व्यवस्था मिलाईनेछ ।

६९. दलित र सिमान्तकृत/अल्पसंख्यक समुदायका छात्रा र अपाङ्गता भएका छात्र/छात्रालाई उच्च शिक्षा स्नातक तह र स्नातकोत्तर तह अध्ययनमा प्रोत्साहित गर्नको लागि तह अनुसार वार्षिक छात्रवृति उपलब्ध गराईने छ भने विपन्न विद्यार्थीलाई कृषि / भेटेरिनरी र अन्य प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्ति रकम प्रदान गरी शिक्षामा समतामूलक पहुँचलाई जोड दिइनेछ ।

७०. गणित, विज्ञान, अङ्ग्रेजी जस्ता विषयको सिकाई उपलब्धि वृद्धि गर्न आवश्यक तालिमका साथै शिक्षकका कक्षा अवलोकन गरी मागका आधारमा आवश्यक तालिम सञ्चालनार्थ आवश्यक बजेट व्यवस्था गरिनेछ ।

७१. सामुदायिक विद्यालयका शिक्षकहरुलाई सूचना-प्रविधि सम्बन्धी तालिम, एकीकृत पाठ्यक्रम सम्बन्धी तालिमका साथै नवप्रर्वतनमा आधारित तालिम आगामी आ.व. मा समेत निरन्तर सञ्चालनको व्यवस्था मिलाइनेछ ।

७२. विद्यालयको सघन अनुगमनलाई थप व्यवस्थित गरी विद्यालय समायोजन, तह घट-बढ, दरबन्दी मिलान गरी विद्यार्थी-शिक्षक अनुपात कायम गर्न पहल गरिनेछ ।

७३. अनाथ अवस्था, विपन्न अवस्था आदि कारणले शिक्षावाट वञ्चित हुन नदिन र नेपालको संविधान अनुरुप "अनिवार्य आधारभूत शिक्षा" कार्यान्वयन गर्न छात्रवृत्ति/अध्ययन सामग्री या पोशाक तथा नगद सहयोग उपलब्ध गराइनेछ ।

७४. मुसिकोट नगरपालिकामा साँस्कृतिक, ऐतिहासिक, परम्परागत आदि सामाग्रीहरुको संग्रहालय स्थापना गरी आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गर्ने कार्यक्रम ल्याईनेछ ।

७५. माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई नमूना आवासीय विद्यालय सञ्चालन र आधारभूत तहमा अध्ययरत विद्यार्थीहरुलाई यातायात शुल्क प्रदान गरी न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाई तह घटुवा र समायोजनको नीति लिइनेछ ।

७६. हाम्रो पुस्तकालय, संग्रहालय सञ्चालनमा आवश्यक कार्यहरु गरिनेछ ।

७७. हाम्रो नगरपालिका भित्रका विशेष धरोहर/सम्पदाको अन्वेषण-अनुसन्धानका साथै नगरपालिकाको नाम/गौरव बढाउने खालका रिसर्च पेपर तयारी र प्रकाशनका निम्ति उच्च शिक्षाका विद्यार्थीलाई र विद्वत समुदायलाई आर्थिक सहयोग, विद्वत वृत्ति/छात्रवृत्ति उपलब्ध गराउने नीति रहनेछ ।

**स्वास्थ्य**

७८. नेपालको संविधानमा मौलिक हकको रुपमा रहेको स्वास्थ्य सम्बन्धी हकको प्रवर्धन गर्न, स्वास्थ्य सेवालाई गुणस्तरीय तथा पहुँचयोग्य बनाउन. यस क्षेत्रका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अपाङ्गता भएका लगायत सबैलाई आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गराई सबै लिङ्ग, क्षेत्र, आर्थिक रुपले विपन्न, शारीरिक अशक्तलाई स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन नगरपालिकाले सञ्चालन गर्दै आएको नियमित/आवधिक घुम्ती स्वास्थ्य सेवालाई थप व्यवस्थित र गुणस्तरीय बनाइनेछ ।

७९. स्वास्थ्य सेवा प्रवाहको प्रभावकारीता वृद्धिका लागि गाउँघर-क्लिनिक/हेल्थहट, खोपकेन्द्र लगायतका स्वास्थ्य सेवा केन्द्रहरुको पूर्वाधार विकासमा जोड दिईनेछ ।

८०. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकको पहुँचको लागि आधारभूत अस्पताल सञ्चालन गरिनेछ । साथै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाको गुणस्तर वृद्धिको लागि अत्याधुनिक औजार तथा उपकरणको जडान गर्नुका साथै स्वास्थ्यकर्मीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

८१. किशोरी, गर्भवती महिला र बालबालिकाहरुलाई नियमित रुपमा खोप सेवा प्रदान गरी **"पूर्ण खोप सुनिश्चित नगरपालिका"** घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८२. स्वास्थ्य संस्थाबाट नि:शुल्क वितरण हुने ९८ प्रकारका औषधीहरुको नियमित उपलब्धता सुनिश्चित गरिनेछ । स्वास्थ्य सेवा/सुविधामा प्रत्येक नागरिकको पहुँच सुनिश्चित गर्न र नागरिकलाई सर्वसहुलियतपूर्ण रुपमा सुपथ मूल्यमा औषधी तथा औषधीजन्य सामग्री उपलब्ध गराउन यसै आ.व देखि सहुलियतपूर्ण फार्मेसी सेवा कार्यक्रम (सञ्चालन) थालिनेछ । उक्त सहुलियतपूर्ण फार्मेसी सेवालाई निरन्तरता दिंदै थप व्यवस्थित बनाईनेछ ।

८३. स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेर आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित नागरिकको सेवा सुविधाका लागि आवधिक रुपमा चिकित्सकको सेवा सहित स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

८४. मातृ तथा नवशिशु स्वास्थ्य सुदृढीकरणको लागि स्वास्थ्य चौकीहरुमा ग्रामिण अल्ट्रासाउण्ड (भिडियो एक्स-रे) सेवा विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ । जटिलता भई प्रेषण गर्नुपर्ने अवस्थाका गर्भवती तथा सुत्केरी महिलाहरुको लागि नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध

गराईने कार्यलाई प्रभावकारिताका साथ निरन्तरता दिइनेछ । साथै पोषणको अवस्थामा सुधार गर्न पोषण खर्च वापत रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । संस्थागत प्रसूति दरमा वृद्धि गर्न निःशुल्क एम्बुलेन्स सेवा/यातायात खर्च उपलब्ध गराउने कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ । साथै **"पूर्ण संस्थागत प्रसूति सेवायुक्त नगरपालिका"** घोषणा कार्यक्रम अगाडी बढाइनेछ ।

८५. पोषण मैत्री स्थानीय शासनको अवधारणालाई पूरा गर्न सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था सुनिश्चित गरी नगरपालिकालाई **"पोषणमैत्री नगरपालिका"** घोषणा गरिनेछ ।

८६. "क्षयरोग मुक्त नेपाल अभियान" कार्यक्रम अन्तरगत यस नगरपालिकालाई क्षयरोग मुक्त बनाउन संघ तथा प्रदेशसँगको सहकार्यमा प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८७. मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराइरहेका मृगौला रोगी, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्च सेवामुखी कार्यका रुपमा उपलब्ध गराउने व्यवस्थालाई सहज/पहुँचयोग्य हुनेगरी सेवामुखी कर्तव्यका रुपमा लिई नियमित रुपले तत्परताका साथ पूरा गरिनेछ ।

८८. स्वास्थ्य सेवामा मानसिक स्वास्थ्यलाई प्राथमिकता दिँदै बढ्दो आत्महत्या दर न्यूनीकरणका लागि मनोसामाजिक परामर्श, जनचेतना अभिवृद्धि एवं विशेष कार्यक्रम सञ्चालन गर्न सरोकारवाला निकायहरुसँग समेत सहकार्य गरिनेछ । साथै बालबालिकाहरुमा लागूऔषध प्रयोगलाई पूर्ण रुपमा नियन्त्रण गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

८९. नागरिकको एकीकृत स्वास्थ्य प्रोफाईल तयार गरी तथ्याङ्कलाई व्यवस्थित बनाउन तथा Paperless/less paper को अवधारणालाई अवलम्बन गर्न सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा विद्युतीय स्वास्थ्य व्यवस्थापन तथा सूचना प्रणाली (eHMIS) लागू गरिनेछ ।

९०. यस नगरपालिकाका नागरिकहरुले रगतको अभावमा ज्यान गुमाउन नपरोस भन्ने उद्देश्यले नियमित निःशुल्क रगत उपलब्धताको लागि नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा रुपन्देहीसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयनमा ल्याईएकोमा आगामी आ.व.मा पनि उक्त निशुल्क रक्तसंचार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९१. स्वास्थ्य सेवाको मेरुदण्डको रुपमा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको क्षमता विकासका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ । स्वयम् सेविकाहरुलाई बिमामा आबद्ध गर्नुका साथै थप प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९२. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै वार्षिक रुपमा विद्यार्थीहरुको पोषण स्थितिको लेखाजोखा गरिनेछ । साथै **"अस्वस्थकर खाना निषेधित विद्यालय"** घोषणा कार्यक्रमलाई अगाडी बढाइने छ ।

९३. मोतिविन्दु शल्यक्रियामा लाग्ने न्यूनतम शुल्क (हाल प्रति अपरेशन रु.७००० ।-) सहयोग गरी नेपाल नेत्रज्योती संघ मार्फत निःशुल्क सर्जरी सेवा पाउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

९४. स्वास्थ्य सेवामा सहज पहुँचका साधनहरु (USG, Oxygen concentrator लगायत) आपूर्ति गरी तत् तत् विरामी लक्षित सेवा थप गरिनेछ ।

### खानेपानी

९५. नगरपालिका भित्रका सबै खानेपानी वितरण प्रणालीमा शुद्धिकरणको आवश्यक प्रबन्ध मिलाईनेछ । खानेपानीको एक घर एक धारा कार्यक्रममा शत प्रतिशत उपलब्धि हासिल गर्ने र सबैमा शुद्ध खानेपानीको पहुँच पुऱ्याउने लक्ष्यका साथ संचालित क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

९६. संघ, प्रदेश या अन्य निकायको सहयोगबाट सञ्चालित योजनाका उपभोक्ताहरुबाट न्यूनतम २५% सहभागितापछि पनि धारा निर्माण अधुरो रहने स्थितिमा नगरपालिकाको तर्फबाट प्रति धारा /प्रति घर उपभोक्तालाई दक्ष मिस्त्री र सिमेन्ट उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९७. नगरस्तरको खानेपानी तथा सरसफाई कार्यक्रममा एकरुपता कायम गरिनेछ साथै नगरबासीलाई शुद्ध एवं स्वच्छ खानेपानीमा पहुँचका लागि पानी शुद्धिकरण प्लान्ट स्थापनाका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

९८. लिफ्टिङ खानेपानी योजनामा उपभोक्ताहरुलाई (खानेपानीको अर्को स्रोत नभएका/प्रयोग नगरेकाहरुका लागि) विद्युत महशुल समेत महंगो हुँदा परेको मर्कालाई सम्बोधन गरिनेछ र आगामी आ.व. मा प्रति महिना प्रति परिवारबाट बुझाईने खानेपानी महसुलमा सहुलियत/अनुदानको व्यवस्था मिलाईनेछ ।

### महिला, बालबालिका, ज्येष्ठ नागरिक, सामाजिक सुरक्षा तथा लक्षित वर्ग र संस्कृति प्रवर्द्धन

९९. सबै नीति, योजना, कार्यक्रम, बजेट र सेवा प्रवाहमा महिला, दलित, जनजाति, मधेशी, मुस्लिम, पिछडिएका क्षेत्र, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, गरिब, एकल महिला आदि लक्षित वर्गलाई प्राथमिकता दिईनेछ । समावेशी, सहभागितामूलक र न्यायपूर्ण समाज निर्माणमा केन्द्रित नीति अवलम्बन गरिनेछ ।

१००. सामाजिक कुरीति, अन्धविश्वास, छुवाछुत, लैङ्गिक विभेद र हिंसाका घटनालाई न्यूनीकरण गरी सामाजिक सहिष्णुता र सौहार्दता सहितको समतामूलक समाजको आधार तयार गरिनेछ।

१०१. महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई व्यवस्थित बनाई कर्मचारीको क्षमता अभिवृद्धि मार्फत लक्षित योजना तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ।

१०२. अति गरिबी या विपदको कारण घर, आवास, शौचालय निर्माण/व्यवस्थित गर्न नसकेका नागरिकहरुलाई सहयोग दिन र घरबार विहीन बनेकालाई आवास निर्माणमा टेवा पुऱ्याउन आ.व २०८०।०८१ देखि सञ्चालनमा रहेको **"विपद र गरिबीमा हाम्रो नगरको भर: आवास क्षेत्र र शौचालय सुधार, घर नभएकालाई घर"** कार्यक्रम लाई आ.व २०८३।०८४ मा पनि निरन्तरता दिइनेछ।

१०३. मुसिकोट नगरपालिकाभित्र रहेका आफ्नो हेरचाह आफै गर्न नसक्ने अति अशक्त व्यक्तिहरुको हेरचाहमा संलग्न व्यक्तिहरुलाई सो गरेबापत प्रोत्साहन गर्न उपलब्ध गराईने सहयोगलाई समयानुकूल थप गर्दै निरन्तरता दिईनेछ।

१०४. असहाय नागरिक, अशक्त नागरिक र अनाथ/बालबालिकाहरुको व्यवस्थापन लगायत समग्र मानवकल्याणसँग सम्बन्धित कार्यमा यस क्षेत्रमा कार्य गर्दै आएका सँघ/संस्था सँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ। बाल उद्यान स्थापना, संचालन/व्यवस्थापन गर्ने नीतिलाई प्राथमिकता पूर्वक निरन्तरता दिईनेछ।

१०५. घरेलु हिंसा, छुवाछुत लगायतका सामाजिक हिंसा र विभेद रहित लैंगिक समतायुक्त नगरपालिका बनाउन अभियानहरु चलाईनेछ। बालमैत्री, वातावरणमैत्री एवम् अपाङ्गतामैत्री समाज तथा पूर्वाधार निर्माणको लक्ष सहितको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०६. परम्परागत पेशा अपनाइ रहेका विभिन्न समुदायका शिल्पी व्यावसायीलाई प्रोत्साहनका कार्यक्रम ल्याइनेछ र आधुनिक उद्योग उन्मुख बनाउन प्रयत्न गरिनेछ।

१०७. अपाङ्गता भएका व्यक्तिको लागि सहायता सामाग्री उपलब्ध गराउने कार्यलाई व्यवस्थित बनाईनेछ। नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाई लागु गरिने छ। अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनयापनका लागि आवश्यकताका आधारमा सीपमूलक तालिम संचालन तथा सशक्तिकरण गर्ने नीति लिइने छ। अपाङ्गता भएका व्यक्तिले संचालन गर्ने व्यवसायलाई अनुदान दिने, सुलभ ऋणको लागि सिफारिस गर्ने जस्ता कार्य गरिनेछ।

१०८. नगरपालिकाको टोल, वडास्तरमा महिला समूह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आय आर्जनमा वृद्धि गर्न, लैंगिक हिंसा, घरेलु हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरी हिंसा विरुद्धको कानूनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिन, महिलाहरुको क्षमता अभिवृद्धिका लागि सीपमूलक/चेतनामूलक कार्यक्रम सञ्चालनलाई प्रथमिकता दिइनेछ।

१०९. असहाय अवस्थामा रहेका अनाथ बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका लगायत सामाजिक संरक्षण तथा सुरक्षा आवश्यक पर्नेका लागि शिक्षा-दीक्षा, मनोरञ्जन, हेरचाह र शीपयुक्त कार्यक्रम सहितको आश्रय स्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ। साथै नगरपालिकामा एक खुला व्यायमशाला निर्माणका लागि पहल गरिनेछ।

११०. मुसिकोट नगरपालिका भित्र रहनु भएका ज्येष्ठ नागरिकहरु हाम्रो समाजको पूरातात्विक, सामाजिक, सास्कृतिक महत्वका विषयहरुका बारेमा ज्ञान भएका जिवित संग्रहालयको रुपमा रहनु भएको हुनाले यस्ता व्यक्तिहरुको सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१११. बाल विवाह अन्त्य गर्न र मुसिकोट नगरपालिकालाई बाल विवाह मुक्त बनाउन वाल विवाह अन्त्यका लागि विशेष कार्ययोजना बनाई लागू गरिनेछ।

११२. बालबालिकाको शारीरिक तथा मानसिक विकास हुने विविध कृयाकलापलाई प्रोत्साहन गरिनेछ। नगरपालिका भित्र रहेका अभिभावक बिहिन बालबालिकाहरुको बाल अधिकारलाई महत्व दिंदै उनीहरुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाईनेछ। साथै चालु आ.व.मा केही विद्यालयहरुमा बाल क्लव गठन गरिसकिएको छ भने आगामी आ.व मा बाँकी रहेका सबै विद्यालयमा बाल क्लब गठन गरी उक्त क्लबहरुलाई सक्रिय बनाईनेछ।

११३. नगरस्तरीय लक्षित समुदायका सञ्जाल मार्फत सम्पादित कार्य सहानीय रहेको छ। आगामी वर्ष पनि यस्ता सञ्जाल मार्फत सञ्चालन गरिने कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाईनेछ।

११४. सहयोगापेक्षी सडक आश्रित नागरिकहरुको उद्दार, उपचार, पुनर्स्थापना लगायत समग्र मानवकल्याणसँग सम्बन्धित कार्यमा यस क्षेत्रमा कार्य गर्दै आएका सँघ/संस्था सँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

११५. अत्यन्तै विपन्न, घरबार विहिन, विपद् पिडित र अपाङ्गता भएकाहरुलाई अन्य कार्यक्रमबाट सम्बोधन हुन नसकेमा आवास क्षेत्र तथा शौचालय सुधार घर नभएकालाई घर कार्यक्रम मार्फत जीवनस्तर सुधारलाई प्रभावकारी बनाउँदै लैजाने नीतिलाई निरन्तरता दिईनेछ।

११६. समाजमा अत्यन्तै पछाडी पारिएका दलित समुदायका महिलाहरुको उत्थान र क्षमता विकास हुने (विशिष्टिकृत) कार्यक्रमका लागि विशेष जोड दिईनेछ।

## भौतिक पूर्वाधार विकास

११७. नगर क्षेत्रको सर्वाङ्गीण उन्नति तथा सेवा प्रवाहमा भौतिक पूर्वाधारको अपरिहार्य योगदान रहन्छ । भौतिक संरचनाको विकासले नागरिकहरूबीचको सम्पर्क तथा सञ्जाल विस्तार गर्दै आवतजावत, व्यापारिक केन्द्र तथा अन्य सुविधाहरूमा सुलभ पहुँच सुनिश्चित गर्छ, जसले विकासका उपलब्धिहरू प्राप्त गर्न महत्त्वपूर्ण टेवा पुर्याउँछ । सुरु भएका र अधुरा रहेका ठूला आयोजना सम्पन्न गर्न विशेष जोड दिईनेछ ।

११८. दिगो विकास लक्ष्य, राष्ट्रिय नीति, नेपाल सरकारको पञ्चवर्षीय योजना साथै सङ्घीय तथा प्रदेश सरकारले पहल गरेका विकासका आयोजनाहरुको स्थानीयकरण र आन्तरिकीकरणमा जोड दिँदै आवधिक योजना र मध्यमकालीन खर्च संरचना बमोजिम आगामी आ.व. मा पूर्वाधार विकासलाई थप वस्तुनिष्ठ र प्रभावकारी बनाइनेछ ।

११९. नगरपालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना (MTEF) सँग मेल खानेगरी आयोजनाको प्राथमिकीकरण गर्ने र बिना तयारीका योजनामा बजेट विनीयोजन गर्ने परिपाटी अन्त्य गर्न "आयोजना बैंक" लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ ।

१२०. उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई सहज, छिटोछरितो र प्रभावकारी बनाउन समितिको गठन देखि भुक्तानी सम्मका हरेक प्रक्रियामा सहजीकरण गरिनेछ ।

१२१. वडास्तरबाट योजना छनोट गर्दा बस्तीस्तरका वास्तविक आवश्यकता, विपन्न वर्गको उत्थान र लक्षित वर्ग केन्द्रित योजनाहरूलाई प्राथमिकता दिइनेछ ।

१२२. आयोजनाहरूको केवल भौतिक प्रगति मात्र नभई "नतिजा सूचक" का आधारमा अनुगमन गर्ने प्रणाली विकास गरिनेछ ।

१२३. ठूला आयोजनाहरुको तेस्रो पक्षबाट अनुगमन गराउने प्रणालीको विकास गरिनेछ ।

१२४. आयोजनाको भुक्तानी पूर्व हुने सार्वजनिक परीक्षणलाई अनिवार्य र कडाइका साथ लागू गरिनेछ ।

१२५. अत्यावश्यक बाहेक अन्य स्थानमा नयाँ सडक ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै भएका सडकहरुको स्तरोन्नति, नाली निर्माण र अन्य अत्यावश्यक संरचना निर्माण गरी बाह्रै महिना यातायात चल्ने अवस्थामा पुर्‍याइनेछ ।

१२६. नयाँ सडक ट्र्याक खोल्दा इन्जिनियरिङ, ड्रइङ र वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) का आधारमा मात्र सडक खन्ने कार्यलाई अनिवार्य गरिनेछ ।

१२७. नगरपालिकाबाट निर्माण हुने वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय भवनहरूलाई अनिवार्यरुपमा अपाङ्गता-मैत्री, लैङ्गिक-मैत्री, बालमैत्री र भूकम्प प्रतिरोधी बनाइनेछ ।

१२८. नगरपालिकाका मुख्य बजार र चोकहरूमा सडक बत्ती (Street Lights) जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२९. वर्षातको पानीले सडक बगाउने र पहिरो जाने समस्या रोक्न हरेक किसिमका सडक निर्माणमा नालीको व्यवस्थालाई अनिवार्य गरिनेछ ।

१३०. सडक, खानेपानी, सिंचाई, झोलुङेगे पुल जस्ता पूर्वाधारको दिगो उपयोग र सञ्चालनको लागि नगरपालिकास्तरमा मर्मत संभार कोष मार्फत बाह्रै महिना मर्मत संभारको व्यवस्था मिलाइनेछ ।

१३१. नगरपालिका भित्र रहेका लघु जलविद्युत आयोजनाहरुलाई राष्ट्रिय प्रशारण लाईनमा जोड्ने व्यवस्थाको लागि आवश्यक सहजीकरण गरिनेछ ।

१३२. नगरपालिका क्षेत्रभित्रका भित्री बाटोहरुमा नियमित मर्मत सम्भारबाट ग्रामीण यातायात सुरक्षित र भरपर्दो बनाउनका निम्ति नगरपालिकाको स्वामित्वका JCB, ट्रयाक्टर/औजार प्रयोग गरी सडकको मर्मत सम्भारलाई नियमित गरिनेछ ।

१३३. उपभोक्ता समिति मार्फत सञ्चालन हुने सिंचाई र खानेपानी आयोजनामा २५ प्रतिशत र अन्य विकास निर्माणका आयोजनमा १० प्रतिशत र जनसहभागिता रहने व्यवस्था गरिनेछ ।

१३४. उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने आयोजनामध्ये निर्धारित समयमा सबै योजना सम्पन्न गरी भुक्तानी लैजाने वडाहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । साथै उपभोक्ता समितिमा महिला सहभागिता सुनिश्चित गर्न महिलाहरु मात्रैको संलग्नतामा गठन हुने र सम्झौता अवधि अगावै कार्य संम्पन्न गर्ने महिला उपभोक्ता समितिलाई प्रोत्साहन गर्न कार्यक्रम ल्याइनेछ ।

१३५. नगरपालिकाको केन्द्र र विभिन्न वडामा आवश्यकता पहिचान गरी विभिन्न प्रयोजनका लागि जग्गा प्राप्तिमा विशेष पहल गरिनेछ । स्मार्ट पार्क, ज्येष्ठ नागरिक विश्राम तथा मनोरञ्जन पार्क, ग्वादिकाचौर खेलमैदान/रङ्गशाला, डम्पिङ साइट तथा फोहोरमैला संकलन केन्द्र, वडास्तरीय नमुना बगैंचा, संरक्षण पोखरी, सहिद पार्क/चिल्ड्रेन पार्क र मनोरञ्जन पार्कलाई प्राथमिकताका साथ निर्माण गरिनेछ ।

१३६. नगरपालिका क्षेत्र भित्र निर्माण हुने आवासीय तथा व्यावसायिक भवनलाई व्यवस्थित गर्न निर्माण पूर्व नै घर/नक्सा पास गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ र निर्माण सम्पन्न भईसकेका आवासीय तथा व्यावसायिक भवनको पूर्ण घर/नक्सा अभिलेखिकरणलाई निरन्तरता दिईनेछ ।

१३७. वडा नं ७ मा निर्माणाधीन सम्पूर्ण नगरवासीको आवश्यकताको केन्द्रका रुपमा रहेको १५ शैया अस्पतालको निर्माण सम्पन गरिनेछ । साथै उक्त अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक उपकरण एवं जनशक्ति व्यवस्था गर्न विशेष पहल गरिनेछ ।

१३८. आकस्मिक रुपमा सडक अवरुद्ध भएको या विपदका स्थितिमा नगरप्रमुखले/कार्यपालिकाले तोकेबमोजिमको परिमाणमा प्रमुख प्रशासकीय अधिकृत र प्राविधिकसँगको समन्वय र परामर्शको आधारमा त्यस ठाउँमा उपलब्ध जनप्रतिनिधि (उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य) ले तत्काल मर्मत-व्यवस्थापन गर्न/गराउन सक्ने नीतिगत व्यवस्थालाई निरन्तरता दिईएको छ।

१३९. हालसम्म पनि सडक पहुँचबाट वञ्चित वस्तीहरुमा आगामी आर्थिक वर्षमा मोटरेबल रोड पुर्‍याउने कार्य सुनिश्चित गरिनेछ।

१४०. नगरपालिकाबाट संघीय एवं प्रदेश सरकार समक्ष समपूरक योजनाका रुपमा र विशेष योजनाका रुपमा प्रस्तावित (यस नगरपालिकाले यस अघि नै प्राथमिकता दिई पठाएका) र बजेट व्यवस्थापन नभएका आयोजनाहरुमा प्राथमिकतासाथ बजेट छुट्याउने र अपर्याप्त बजेट भएकामा अपेक्षित कार्यक्रम र निर्माण कार्य सम्पन्न हुनेगरी बजेटको व्यवस्था मिलाईनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

१४१. वन, वातावरण र विपद् व्यवस्थापनलाई एकीकृत रूपमा सम्बोधन गरी जलवायु अनुकूलित, दिगो र उत्थानशील स्थानीय विकास हासिल गर्ने दृष्टिकोणका साथ "दिगो वन व्यवस्थापन, स्वच्छ वातावरण र विपद् उत्थानशील समाज" भन्ने नाराका साथ पर्यावरण संरक्षण र विपद् पूर्वतयारीलाई मुख्य प्राथमिकतामा राखी कार्य गरिनेछ।

१४२. वातावरण संरक्षणमा क्रियाशील सामाजिक व्यक्तित्व, संस्था वा समूहको श्रम सहयोगमा वृक्षारोपण, वन नर्सरी, पदमार्ग, पोखरी तथा चौतारी निर्माण तथा भू-संरक्षण कार्यलाई पुरस्कृत/प्रोत्साहन गर्दै निरन्तरता दिईनेछ। सार्वजनिक महत्वका पोखरी निर्माण र संरक्षण, नदी–खोला तटबन्ध र भल व्यवस्थापन, चौपारी निर्माण, बाटीका निर्माण र भू-संरक्षण, तथा वृक्षारोपण गतिविधि गर्ने समुदाय, संस्था, समूह (व्यक्तिसमेत) लाई आवश्यक निर्माण सामाग्री दक्ष मिस्त्री तथा प्राविधिकको सेवा उपलब्ध गराई वातावण संरक्षण तथा स्वच्छ वातावरण निर्माणमा साझेदारी मार्फत सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४३. विपद् जोखम न्यूनीकरणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ। वातावरणीय प्रदूषण नियन्त्रणका कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यन्वयन गरिनेछ।

१४४. फोहरमैला व्यवस्थापनका लागि डम्पिङ् साईट/ल्यान्ड फिल साइट निर्माण गर्न बाँकी रहेका वडामा जग्गाको व्यवस्थापन गरिनेछ साथै एकीकृत फोहरमैला प्रशोधन केन्द्र स्थापनामा जोड दिईनेछ। यसका लागि साझेदार संस्थाहरुसँग आवश्यक साझेदारी, सहकार्य र समन्वय गरिनेछ।

१४५. हरेक वर्ष आगलागीजन्य घटनाबाट वातावरणीय र मानवीय क्षति बढ्दै गइरहेको अवस्थामा सोको न्यूनीकरण गर्न आगलागीको उच्च जोखिममा रहेका क्षेत्रहरुको पहिचान गर्ने, अग्निरेखा निर्माण गर्ने, सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र वातावरणीय एवं पर्यावरणीय प्रभाव मूल्याङ्कन गरी उच्च अग्नी संवेदनशील बोटबिरुवाहरुको प्रतिस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

१४६. स्थानीय विपद् व्यवस्थापन समिति र वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई थप सशक्त बनाई विपद् जोखिम न्यूनीकरण, राहत र पुनर्स्थापनामा विशेष जोड दिईनेछ। आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई स्रोतसाधन सम्पन्न बनाइनेछ।

१४७. विभिन्न गतिविधिहरु जस्तैः वृक्षारोपण अभियान, पोखरी/चौपारी निर्माण, वन उपभोक्तासँगको साझेदारीमा डढेलो नियन्त्रण, फोहोरमैला व्यवस्थापन, चट्याङ प्रतिरोधी उपकरण जडान लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४८. प्रत्येक वडाका उपयुक्त ठाउँमा रिचार्ज पोखरी, साना जलाशय निर्माण र जीर्ण पोखरी मर्मत कार्यलाई महत्वका साथ अगाडि बढाईनेछ।

१४९. भू-क्षयबाट अति प्रभावित क्षेत्रको पहिचान एवं सोको नियन्त्रणको लागि आवश्यक तार/जाली, ह्युमपाइप तथा पोलीपाइप व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१५०. विपद् व्यवस्थापन र सुरक्षाका लागि सुरक्षा निकायहरूसँग समन्वय गरी आधुनिक प्रविधिको प्रयोगलाई संस्थागत गरिनेछ। मौसम र विपद् सम्बन्धी पूर्व सूचना प्रणालीलाई स्थानीय समुदायसम्म विस्तार गर्दै विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारीलाई तीव्रता दिइनेछ।

१५१. विपद् व्यवस्थापनको लागि नगरपालिकामा एक विपद् व्यवस्थापन कोष रहने र नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामग्री र जनशक्ति व्यवस्थापन सम्बन्धी नीतिलाई निरन्तरता दिईनेछ।

१५२. बाँदर, दुम्सी, बँदेल, भालु लगायतका वन्यजन्तुको नियन्त्रण तथा यसबाट बालीनालीमा हुने क्षतिको व्यवस्थापनका लागि सङ्घ तथा प्रदेश सरकारको नीति र कार्यक्रमसँग तादाम्यता हुने गरी कार्ययोजना बनाइनेछ।

**न्याय सम्पादन**

१५३. सुलभ न्याय, शान्ति र समृद्ध समाज निर्माणका लागि न्यायिक समितिलाई प्रभावकारी बनाई न्याय सम्पादनलाई सुलभ, छिटोछरितो, मेलमिलापमुखी बनाईनेछ। निष्पक्ष, सहज पहुँचयोग्य र मेलमिलापमा आधारित न्याय प्रणालीद्वारा समाजमा सद्भाव, एकता र विकासको वातावरण निर्माण गरिनेछ।

१५४. संविधानद्वारा प्रदत्त अधिकारका सूचीमा उल्लिखित विषयवस्तुहरुमा थप कानून निर्माण गरी उपलब्ध स्रोत साधनलाई मध्यनजर गर्दै लैङ्गिक संवेदनशील, बालमैत्री र समावेशी न्याय सम्पादन नीति अवलम्बन गरिनेछ।

१५५. नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कानून सेवा तर्फको दरबन्दी थप गरी न्यायिक कार्य सम्पादनमा सहजीकरण गर्न, बहस-पैरवी गर्न र नगरपालिकाको न्यायिक कार्य सम्पादनलाई थप निष्पक्ष र प्रभावकारी बनाउन स्थायी कर्मचारीको पदपूर्ती प्रकृया अगाडि बढाईनेछ।

१५६. न्यायिक समितिलाई स्रोतसाधन युक्त बनाई न्यायिक समिति सदस्य तथा कर्मचारीका लागि क्षमता विकास तालिमको व्यवस्था गरिनेछ। सफल अभ्यासको दस्तावेजीकरण र न्यायिक सम्पादनमा असल अभ्यासको आदानप्रदान गर्ने उद्देश्यका साथ अन्य स्थानीय तहसँग छलफल, अन्तर्कियाका साथै ज्ञान आदान-प्रदानको व्यवस्था मिलाईनेछ।

१५७. न्यायिक समितिमा पर्न आएका उजुरीहरु अत्यधिक फछ्यौंट हुनेगरी न्यायिक समितिको कामलाई थप प्रभावकारी बनाईनेछ। समाजमा व्याप्त महिला हिंसालाई रोक्न, सामाजिक अभियान सञ्चालन गर्न, समाजमा दबिएर रहेका हिंसा जन्य गतिविधि रोकन न्यायिक समितिलाई आवश्यक स्रोतको व्यवस्था गरी सरकारी र गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन,**

सभा सदस्यज्यूहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको सुशासन, विकास र समृद्धिको लक्ष्य हासिल गर्न नगरपालिकाको संस्थागत क्षमता सुदृढ गर्दै नागरिकमैत्री सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता तथा प्रविधिमैत्री प्रशासनको विकासलाई प्राथमिकतामा राखी आगामी आर्थिक वर्ष २०८३/८४ का लागि देहायबमोजिम नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

१५८. **"सेवाको वरिपरि जनता होईन, जनताको वरिपरि सेवा"** भन्ने भावनालाई निरन्तरता दिँदै जनतामा पुऱ्याइने सेवालाई एकीकृत रुपमा संचालन गर्ने प्रक्रियाको लागि नगरपालिकाबाट प्रवाह हुने विभिन्न किसिमका सेवा सहित एकीकृत घुम्ती शिविर कार्यक्रमलाई सबै वडामा पुर्याउने गरी कार्यक्रम संचालन गरिनेछ। साथै वडा कार्यालय (वडाका केन्द्र) देखि टाढा रहेका र घना वस्ती भएका क्षेत्रमा आवधिक रुपमा वडाका सेवा पुऱ्याउन सेवा-केन्द्र सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१५९. नगरपालिकाको कार्यबोझ, सेवा प्रवाह तथा कानूनी जिम्मेवारीको आधारमा यसै आर्थिक वर्षमा सम्पन्न गरिएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) का आधारमा आवश्यक सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापनलाई वैज्ञानिक, मितव्ययी, परिणाममुखी र व्यवस्थित बनाइनेछ। स्वीकृत दरबन्दी भित्रका कर्मचारीको पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगसँग निरन्तर समन्वय र सहकार्य गरिनेछ।

१६०. सेवा प्रवाहको जग मानिने वडा कार्यालय तथा सेवा केन्द्रहरूको भौतिक पूर्वाधार, सूचना प्रविधि तथा आवश्यक उपकरण व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

१६१. व्यक्तिगत घटना दर्ता, सिफारिस, कर भुक्तानी तथा अन्य प्रशासनिक सेवाहरूलाई क्रमशः अनलाइन प्रणालीमा आवद्ध गर्दै सेवाग्राहीलाई छिटो, सरल, गुणस्तरीय तथा सहज सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

१६२. पारदर्शिता, जवाफदेहिता, सहभागिता र विधिको शासनलाई स्थानीय सुशासनको आधारभूत सिद्धान्तका रूपमा अवलम्बन गरिनेछ।

१६३. बेरुजु न्यूनीकरण तथा फछ्यौंटलाई विशेष अभियानका रूपमा सञ्चालन गरी वित्तीय अनुशासन, मितव्ययिता तथा सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गरिनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाइनेछ।

१६४. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण तथा नागरिक संवाद कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ साथै सूचनाको हक सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गरी सार्वजनिक सरोकारका सूचनाहरू नियमित रूपमा प्रकाशन गरिनेछ।

१६५. यसै आर्थिक वर्षमा गरिएको सेवाग्राही सन्तुष्टि सर्वेक्षणबाट प्राप्त प्रतिवेदनका आधारमा सेवा प्रवाहको गुणस्तर मापन गरी सार्वजनिक सेवा प्रवाहलाई थप उत्तरदायी एवं नतिजामूलक बनाइनेछ।

१६६. तालिम, गोष्ठी साथै खरिद सम्बन्धी कार्यहरु निर्धारित समयमै सम्पन्न गर्ने गरी कार्यक्रम कार्यान्वयन सम्बन्धी स्पष्ट समय तोकिएको कार्यक्रम कार्ययोजना बनाई लागू गरिनेछ।

१६७. स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा भएको कानूनी व्यवस्थालाई कार्यान्वयनमा जोड दिईनेछ।

१६८. सीमित जनशक्ति र कार्यसम्पादनलाई मध्यनजर गरी स्थायी एवं करार सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राखी कार्यसम्पादनमा प्रभावकारीता ल्याउन कर्मचारीहरुलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१६९. सार्वजनिक प्रशासनलाई जवाफीदेही एवं परिणाममूखी बनाउन, आचरण र अनुशासन पालनालाई निरीक्षण र नियमित सुपरिवेक्षणको माध्यमबाट प्रभावकारी बनाईनेछ।

१७०. नापी तथा भूमि प्रशासन सम्बन्धी सेवा प्रवाहका लागि मुसिकोट नगरपालिका छनौट भई हाल आवश्यक पूर्वाधार र जनशक्तिको तयारी अन्तिम चरणमा रहेकोले आगामी आ.व. बाट यी सेवाहरु पूर्ण रुपमा नगरपालिकाको प्रशासनिक भवनबाटै प्रदान गरिनेछ। साथै करदाता सेवा सम्बन्धी कार्य समेत आगामी आ. व. देखि सञ्चालनमा ल्याइनेछ।

१७१. नदीजन्य पदार्थको समूचित प्रयोग गरी उत्खनन्लाई प्रभावकारी बनाइनेछ । अनाधिकृत रुपमा हुने चोरी निकासी र नदी दोहन नियन्त्रणको लागि त्यस्तो क्षेत्रमा खटिने सुरक्षाकर्मी, सूचना दिने सूचनादाता/सुराकी लाई आवश्यक पुरस्कारको व्यवस्था गरी स्थानीय सरकारको सहयोगीको रुपमा प्रोत्साहन गरिनेछ ।

१७२. नगर र सम्पूर्ण नगरवासीको सुरक्षा एवं सार्वजनिक सम्पतिको संरक्षणका लागि नगर प्रहरी परिचालन गरिनेछ । नगर प्रहरी मार्फत बजार अनुगमनलाई प्रभावकारी बनाई उपभोक्ता हित संरक्षणको सुनिश्चितता गरिनेछ ।

१७३. सामाजिक, साँस्कृतिक र सार्वजनिक महत्वका क्षेत्रमा विशिष्ट योगदान गर्दै नगरको गौरवलाई उच्च राख्न क्रियाशिल दाता, समाजका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने प्राज्ञिक एवं विशिष्ट वैद्धिक व्यक्तित्व, खेलाडि, कलाकार, मिडियाकर्मी, अनुसन्धाता लगायतलाई पुरस्कार/प्रोत्साहनका कार्यक्रम ल्याईनेछ ।

१७४. स्थानीय स्तरका रेडियो, पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमहरूलाई संघीय र प्रदेश सरकारको समन्वयमा व्यवस्थित रूपमा सूचीकृत गरी, उनीहरूको क्षमता विकास, आधुनिकीकरण र उत्तरदायी पत्रकारिताका लागि विशेष पहल गरिनेछ ।

१७५. सेवा प्रवाहमा चुस्त र नागरिकमैत्री अनुभूती प्रत्याभूत गर्न/गराउनका लागि कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा आएको सेवाग्राहीको गुनासो शीघ्र सम्बोधन गर्ने कार्यमा जोड दिइनेछ ।

१७६. कर/राजश्वका दरहरु बढाई रहने भन्दा पनि दायरा बढाउने/फराकिलो पार्ने नीति लिईनेछ । नगरपालिकाको कार्यालयहरुमा राजश्व दाखिला नगरेका वा वडा/पालिकाको नीति अन्तर्गतका शुल्क, सेवा शुल्क, दस्तुर, जरिवाना वा विविध वक्यौता नतिरेका उपभोक्ता, लाभग्राही, व्यवसायी र पेशाकर्मीहरुबाट बाँकी रकम असुल गर्न र गराउन भएका प्रबन्ध कार्यान्वयन गराईनेछ ।

१७७. मुसिकोट नगरपालिका क्षेत्रका आयोजना वा कार्यक्रमको नाम जनप्रतिनिधि वा पदाधिकारीको नामबाट राख्ने परिपाटि अन्त्य गरिएको छ । आगामी आ व देखि यस्ता आयोजना वा कार्यक्रमको नाम विषयगत क्षेत्रसँग सम्बन्धित एवं मौलिक हुनेगरी राखिनेछ ।

**सभा सदस्यज्यूहरु,**

विगतका वर्षहरूमा सफलतापूर्वक कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरूको उपलब्धिलाई निरन्तरता दिँदै चालु आर्थिक वर्षको अन्त्यसम्ममा मुसिकोट नगरपालिकाको समग्र विकासका लागि थप सुदृढ आधारहरू निर्माण भएका छन् । भौतिक पूर्वाधार विकाससँगै आर्थिक समृद्धि, सामाजिक रूपान्तरण तथा सुशासन प्रवर्द्धनका क्षेत्रमा नगरपालिकाले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरू विकास यात्राका महत्वपूर्ण मार्गदर्शक दस्तावेजका रूपमा स्थापित भएका छन् । संघीय तथा प्रदेश सरकारबाट जारी कानूनी व्यवस्था र नगरपालिकाद्वारा निर्माण गरिएका स्थानीय कानुनहरूको परिपालना गर्दै प्रस्तुत नीति तथा कार्यक्रमले समग्र विकासका लागि आवश्यक नीतिगत, संस्थागत तथा संरचनागत सुधारलाई दिशा प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु ।

संघीय शासन प्रणाली अन्तर्गत स्थापित स्थानीय तहलाई प्रभावकारी, उत्तरदायी तथा दिगो विकासको आधारस्तम्भका रूपमा स्थापित गर्न वस्तुगत, व्यवहारिक र समयानुकूल नीति तथा कार्यक्रम तर्जुमा गर्नु हाम्रो प्रमुख प्राथमिकतामा रहँदै आएको छ । प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमार्फत तीनै तहका सरकारबीचको समन्वय, संस्थागत सुदृढीकरण तथा विकास व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने हाम्रो प्रयास सकारात्मक दिशातर्फ उन्मुख रहेको छ । स्थानीय तहको स्थापना पश्चात् सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा देखिएका परिवर्तनहरूले जनताको जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएको अनुभूति भएको छ । साथै पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वमा आधारित सुशासनको संस्कृतिले थप मजबुत आधार प्राप्त गरेको छ ।

**सभा सदस्यज्यूहरू,**

अन्त्यमा यो नीति तथा कार्यक्रम हाम्रो मुसिकोट नगरपालिकाको दोस्रो नगरसभामा निर्वाचित जनप्रतिनिधिको कार्यकालको अन्तिम वर्षको सार्थक उपलब्धिको साझा प्रतिबद्धता हो । सार्वजनिक सेवा, विकास र जनकल्याणकारी कार्य गर्न हामीलाई यो अवसर प्रदान गर्ने सबैप्रति अनुगृहित रहँदै सम्पूर्ण कार्यकालभरी हामीलाई मुसिकोट नगर वासीले दिएको विश्वास, स्नेह र सहयोगप्रति हार्दिक कृतज्ञताभाव सहित धन्यवाद ज्ञापन गर्दछु । साथै, यस नीति तथा कार्यक्रमको मस्यौदा निर्माणका क्रममा रचनात्मक सुझाव दिने सम्पूर्ण नगरवासी, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, प्रवासी दाजुभाइ दिदीबहिनी, पदाधिकारी, कर्मचारी तथा सुरक्षाकर्मी सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । अन्त्यमा, आगामी दिनमा यसको कार्यान्वयनको चरणमा पनि यस्तै सहकार्य र सक्रिय सहभागिता रहने विश्वास गर्दै यहाँहरु सबैको उज्ज्वल भविष्यको कामना राख्दछौं ।

आपसी सद्भाव, समन्वय र संवाद कायम राख्दै मुसिकोट नगरको समृद्धिको यात्रा निरन्तर अगाडि बढ्नेछ ।

धन्यवाद ।

मितिः २०८३।०३।०५

जिवलाल खरेल जीवन
नगर प्रमुख
मुसिकोट नगरपालिका, वामीटक्सार, गुल्मी ।